धर्मदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा ।

# सवारी साधन खरिद सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७८।१।२४

यस कार्यालयलाई आवश्यक पर्ने देहाय बमोजिम सवारी साधन खरिद गर्नु पर्ने भएकोले त्यस्तो सावरी साधन उत्पादक कम्पनी वा सोको आधिकारिक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउन पर्ने हुदा सवारी साधन विक्री गर्न चाहने उत्पादक तथा आधिकारिक विक्रेताले आ-आफ्नो उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर मूल्य र सुविधा फर्म दर्ताको प्रमाण-पत्र, मु.अ.कर दर्ताको प्रमाण-पत्र, एजेन्सी दर्ताको प्रमाण-पत्र, आ.व. २०७६/०७७ को कर चुक्ताको गरेको विवरण र **Letter Authorization** सहितको विवरण स्पष्टसँग वा ब्रोसर राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मिति ३० औं दिन भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गर्नु हुन सम्बन्धित सबै उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समयभित्र वोलपत्र फारम खरीद गरी ३१ औं दिनको मध्यान्न १२:०० वजेसम्म देहायको सर्त वन्देजमा रही रितपूर्वकको सिलवन्दी वोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकासित गरिएकोछ । साथै स्पेशिफिकेशनमा तोकिएका शर्तहरु बोलपत्र फारम साथ उपलब्ध गराईने छ । थप जानकारी यस कार्यालयको आन्तरिक लेखापरीक्षण इकाई वा यस नगरपालिकाको वेभ पेज www.dharmadevimun.gov.np बाट समेत लिन सकिनेछ ।

| सि. नं. | सवारी साधनको प्रकार | जेनेरल स्पेसिफिकेशन | सवारी साधनको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | चारपाङ्गे सवारी साधन (**Double cab pickup 4 Wd.**) | 4 Cylinder, **Min. 2100 CC,** developing **Maximum rated power output min. 60 HP** at governed **RPM with torque 190 NM.** | १ (एक) | |

शर्तहरु :

१. बोलपत्र दर्ता गर्दा शिलबन्दी खामको बाहिरपट्टी नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।
२. शिलबन्दी बोलपत्र फारामसाथ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आफ्नो ठेगाना भएको स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणपत्र, सम्बन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर सहितको PAN नम्बरको प्रतिलिपी र आ.व. ०७६/०७७ को आयकर चुक्ता प्रमाणपत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।
३. धरौटी बापत आफुले कबोल गरको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नाममा श्री नेपाल एस.वि.आई. बैक लिमिटेड मुढेशनिश्चरे शाखाको धरौटी खाता नं. ४१३९५२४१२०७००२ मा नगद जम्मा गरी सोको दोस्रो प्रति सक्कल भौचर पेश गर्नु पर्ने वा सोही रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बैंकद्धारा यस नगरपालिकाको नाममा जारी गरिएको बोलपत्र फारम बुझाउने अन्तिम दिनबाट कम्तीमा १२० दिनसम्म म्याद भएको बैक ग्यारेन्टी(**Bid Bond**) सक्कलै पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्दा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अङ्कमा लेखिएकोलाई मान्यता दिइनेछ ।
५. दर्ता भएको बोलपत्रहरु फिर्ता सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन २०६३, र नियमावली २०६४ ( हालसम्मको शांसोधित) अनुसार नै हुनेछ ।
६. यो सूचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ ।
७. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।
८. बोलपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको ७ दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा उक्त बोलपत्रदाताको धरौटी जफत गरी दोस्रो बढी कबोल गर्नेलाई दिने प्रक्रिया नियमानुसार कारवाही अगाडि बढाइनेछ ।
९. बोलपत्र स्वीकृत भएपछि सम्बन्धित विक्रेताले स्पेशिफिकेशन अनुसार तोकिएको सवारी साधन यस कार्यालयलाई बुझाउनु पर्नेछ ।
१०. कुनै एक फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन ।
११. बोलपत्र फाराम साथ पेश गर्ने कागजातहरु नोटरी पव्लिकबाट प्रमाणित भएको हुनु पर्नेछ ।
१२. पेश भएका शिलबन्दी बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको उपस्थिती नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
१३. बोलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा ती कामहरु कमश: त्यसपछि कार्यालय खुलेको पहिलो दिन हुनेछन् ।

**नोट :- यस सम्बन्धी प्राविधिक स्पेसिफिकेशनको लागि यस कार्यालयमा सर्म्पक राख्नहुन अनुरोध छ ।**

(दावा भोटे)
आन्तरिक लेखापरीक्षक

कमलमणि थापा
प्रशासकीय अधिकृत